सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# आ.व. २०८२/८३ मा सम्पादित कार्यहरुको स्वतः प्रकाशन




गण्डकी प्रदेश सरकार

## कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# कृषि विकास कार्यालय, स्याङ्जा



नारायण प्रसाद पाठक
कृषि अर्थ विज्ञ
(अधिकृत स्तर आठौं)

प्रकाश बस्ताकोटी
बरिष्ठ कृषि विकास अधिकृत

गण्डकी प्रदेश सरकार
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास कार्यालय
स्याङ्जा

## १. कृषि विकास कार्यालय, स्याङ्जाको स्वरुप र प्रकृति

संविधानमा उल्लेख भएका कृषि सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्दै कृषकहरुलाई आवश्यक ज्ञान, सिप, प्रविधिको लागि सहजीकरण र क्षमता अभिवृद्धिमार्फत सशक्तिकरण गर्दै उनीहरुको आवश्यकता अनुसारका कृषि विकासका कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन, खाद्य सुरक्षा र आर्थिक वृद्धि लगायतका राष्ट्रिय लक्ष्यहरु र दिगो विकास लक्ष्य लगायतका विभिन्न अन्तराष्ट्रिय प्रतिवद्धताहरु पूरा गरी कृषिको विकास र जीविकोपार्जनको आधार कायम राख्नका लागि स्थानीय आवश्यकता र राष्ट्रिय प्राथमिकताका बीचमा तादत्म्यता रहने गरी मुलुकको संघीय संगठनात्मक संरचनामा प्रदेश सरकार मातहत रहने गरी कृषि विकासको मुख्य आधारका रुपमा कृषि विकास कार्यालयहरुको व्यवस्था गरिएको हो। त्यसै अनुरुपमको परिवर्तित संघीय शासन व्यवस्था अनुरुप गण्डकी प्रदेश सरकार अन्तर्गत रहने गरी २०७५ सालमा साविकको जिल्ला कृषि विकास कार्यालयबाट कृषि ज्ञान केन्द्र, स्याङ्जा नामाकरण भएको थियो। साथै, गण्डकी प्रदेश सरकारले आ.व. २०८२/८३ मा पुन: कृषि विकास कार्यालय, स्याङ्जा नामाकरण गरी कृषि तथा पशुपन्छी नियमन एकाइ, मालुङ्गालाई समेत यसै कार्यालयमा गाभी कार्यविवरण थप गरेको हो। यसको कार्य क्षेत्र स्याङ्जा जिल्ला रहेको छ ।

स्थानीय समस्यामा आधारित प्रविधि परीक्षण तथा हस्तान्तरण गर्ने, प्रयोगशाला सेवा तथा कृषि शिविरहरु संचालन, प्राविधिक र कृषकहरुको क्षमता विकास, स्थानीय तह कृषि सम्बन्धि निकायहरुलाई प्राविधिक पृष्ठपोषण, बीउ बिजन तथा उन्नत नश्लको श्रोत केन्द्र विकास, कृषि इन्टर्न विद्यार्थीको अभिमूखीरकण तथा मूल्याङ्कन, कृषि तथ्याङ्कहरु संकलन तथा अद्यावधिक, कृषि व्यवसाय विकास सहयोग लगायत संघ र स्थानीय तह बीच समन्वय गर्ने जिम्मेवारी यस कृषि विकास कार्यालयको रहेको छ ।

## २. काम, कर्तव्य र अधिकार

कृषि विकास कार्यालय, स्याङ्जाको कार्यविवरण तपसिल अनुसार रहेको छ।

- जिल्लाको कृषि तथ्याङ्क प्रोफाइल तयार तथा अद्यावधिक गर्ने।
- स्थानीय निकायमा कार्यरत कृषि प्राविधिकहरुलाई तालिम तथा क्षमता अभिवृद्धि गर्ने।
- व्यवसायिक किसान, उद्यमी तथा कृषि फार्म सञ्चालनको लागि तालिम तथा क्षमता अभिवृद्धि गर्ने।
- आधुनिक तथा उन्नत कृषि प्रविधिको प्रदर्शन, परीक्षण तथा सिफारिस गर्ने।
- माटो तथा मल बीउ बाली संरक्षण सम्बन्धि सामान्य प्रयोगशाला सेवा प्रदान गर्ने।
- संघीय कृषि विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयन तथा सम्पर्क बिन्दुको रुपमा कार्य गर्ने।
- प्रादेशिक कृषि विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गर्ने।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कमाण्ड क्षेत्रभित्रका जोन र सुपरजोनको लागि प्राविधिक सेवा उपलब्ध गराउने।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कमाण्ड क्षेत्रभित्रका पकेट तथा ब्लकको कार्यक्रम सञ्चालन तथा प्राविधिक सेवा उपलब्ध गराउने।



नारायण प्रसाद पाठक
कृषि अर्थ विज्ञ
(अधिकृत स्तर आठौं)

प्रकाश बस्ताकोटी
बरिष्ठ कृषि विकास
अधिकृत

- भौगोलिक विविधता अनुसारको प्रथामिकता प्राप्त बाली वस्तु विकासको योजना मूल्य अभिवृद्धि शृङ्खला विकास तथा कार्यन्वयनको समन्वय गर्ने।
- आर्थिक महत्वका स्थानीय कृषि विविधताको पहिचान, संरक्षण तथा उपयोग गर्ने।
- विभिन्न बालीनालीका रोग तथा कीराहरुको पेष्ट म्याप तयार गर्ने।
- विभिन्न बालीनालीका रोग तथा कीराहरुको सङ्कलन पहिचान तथा संरक्षण गरी सङ्ग्राहलयको रुपमा विकास गर्ने।
- स्थानीय बाली/रैथाने बाली/लोपोन्मुख तथा बालीको जर्म प्लाज्म संकलन गरी Gene Bank लाई उपलब्ध गराउने र Gene bank सँग सहकार्य गर्ने।
- स्थानीय तहका कृषि एकाइहरुबाट कृषि सम्बन्धी तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने साथै असिना, बाढी, पहिरो जस्ता दैविक प्रकोपको विवरण सङ्कलन गरी तथ्याङ्क प्रादेशिक तथा संघीय तालुक निकायहरुमा पठाउने।
- बीउ, बिषादी तथा मलखाद बिक्रेताहरुको अनुमति, नवीकरण तथा अनुगमन गर्ने, साथै तिनिहरुको क्षमता अभिवृद्धि गर्ने।
- कमाण्ड क्षेत्र भित्र रहेका स्रोत केन्द्रहरु, फलफूल तथा तरकारीको नर्सरीहरुलाई प्राविधिक सेवा प्रदान गर्ने।
- कमाण्ड क्षेत्रभित्र रहेका फलफूल तथा तरकारीको नर्सरीको तालुक निकायको समन्वयमा प्राविधिक अनुगमन गरी प्राविधिक प्रतिवेदनका आधारमा निरोगिताको प्रमाण-पत्र उपलब्ध गराउने।
- निरोगिताको प्रमाण-पत्रको बिना बीउ, बिरुवा, बेर्ना तथा अन्य रोपण सामग्रीहरुको ओसारपसारमा तालुक निकायसँग समन्वय गरी रोक लगाउने।
- व्यवसायिक फर्म, बीमा, कृषिजन्य, उद्योगमा विद्युतिकरण, बिषादी बिक्रेता आदिको लागि सिफारिस प्रदान गर्ने।
- कमाण्ड क्षेत्र भित्र कृषि उद्यम तथा व्यवसाय सञ्चालन गर्न चाहनेहरुको लागि प्राविधिक तथा व्यवसायिक कार्ययोजना तयार गर्न सहयोग गर्ने।
- कृषक वर्गीकरणको लागि स्थानीय सरकारसँग समन्वय तथा सहजीकरण गर्ने।
- कृषि स्नातक तथा JT/JTA कोर्ष अध्यनरत विद्यार्थीहरुको लागि इन्टर्नसिप कार्यक्रम सञ्चालन गर्ने।
- संघीय एवम् प्रादेशिक कृषि सम्बन्धी ऐन, नीति, नियम, नियमावली, निर्देशिका सम्बन्धि सरोकारवाला निकायहरुलाई सुसोचित गर्ने, गराउने।
- स्थानीय तह अन्तर्गत नगरपालिका, गाउँपालिका तथा वडाको विस्तृत स्थलगत सर्वेक्षण गरी भूगोल, हावापानी, मोहोडा, कृषि पर्यावरण, माटो परीक्षण तथा परम्परागत बालीनालीको आधारमा कृषिको व्यवसायिकरणको लागि आधारभूत कृषि प्रोफाईल तयार पार्न सहयोग गर्ने।
- नेपाल कृषि अनुसन्धान परिषद्सँग समन्वय गरी बाह्य अनुसन्धान स्थलको रुपमा कार्य गर्ने।
- संघीय तथा प्रदेश सरकारले तोकेको अन्य प्राविधिक कार्यहरु गर्ने।
- समग्र कृषि विकासको सम्बन्धमा संघ, प्रदेश र स्थानीय तह बिच पुलको काम गर्ने।
- यस अघि साविक जिल्ला कृषि विकास कार्यलयले प्रतिनिधित्व गर्ने जिल्लास्तरका समितिहरुमा सहभागिता जनाउने।
- कृषि विकासमा टेवा पुर्याउने अन्य कामहरु गर्ने।



नारायण प्रसाद पाठक
कृषि अर्थ विज्ञ
(अधिकृत स्तर आठौं)

प्रकाश बस्ताकोटी
बरिष्ठ कृषि विकास
अधिकृत

३. कार्यालयको संगठनात्मक संरचना

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास कार्यालय, स्याङ्जाको प्रस्तावित संगठन संरचना
(कार्यक्षेत्र स्याङ्जा जिल्ला)

**वरिष्ठ कृषि विकास अधिकृत**
(९/१० औं तह, कृषि/समूहीकृत नहुने)-१

**प्राविधिक सेवा शाखा**
कृषि प्रसार अधिकृत (७/८ औं तह, कृषि/कृषि प्रसार)-१
बागवानी विकास अधिकृत (७/८ औं तह, कृषि/बागवानी)-१
बाली संरक्षण अधिकृत (७/८ औं तह, कृषि/बाली संरक्षण)-१
प्राविधिक सहायक/वरिष्ठ प्राविधिक सहायक (५/६ औं तह (कृषि/कृषि प्रसार)-१
प्राविधिक सहायक/वरिष्ठ प्राविधिक सहायक (५/६ औं तह (कृषि/बागवानी)-१
प्राविधिक सहायक/वरिष्ठ प्राविधिक सहायक (५/६ औं तह (कृषि/बाली संरक्षण)-२

**योजना तथा तथ्याङ्क शाखा**
कृषि अर्थ विज्ञ (७/८ औं तह, कृषि /एग्री इको एण्ड मार्केटिङ)-१
प्राविधिक सहायक/वरिष्ठ प्राविधिक सहायक (५/६ औं तह (कृषि/एग्री इको एण्ड मार्केटिङ)-१

**प्रशासन शाखा**
वरिष्ठ प्रशासन सहायक/ सहायक प्रशासकीय अधिकृत (५/६ औं तह प्रशासन/सा.प्र.)-१
वरिष्ठ लेखा सहायक/ सहायक लेखा अधिकृत (५/६) औं तह, प्रशासन/लेखा)-१
हलुका सवारी चालक (प्रशासन/विविध, तह-२)-१
कार्यालय सहयोगी (प्रशासन/विविध, तह-१)-३

**कुल दरबन्दी- १६**



नारायण प्रसाद पाठक
कृषि अर्थ विज्ञ
(अधिकृत स्तर आठौं)

प्रकाश बस्ताकोटी
वरिष्ठ कृषि विकास
अधिकृत

गण्डकी प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास कार्यालय
स्याङ्जा

## ४. कर्मचारी संख्या र कार्यविवरण

| क.सं. | कर्मचारीको नाम, थर | श्रेणी/तह | सेवा | समूह | कर्मचारीको पद | सेवाको प्रकार | मोबाईल नं. (व्यक्तिगत) |
|---|---|---|---|---|---|---|---|
| १ | श्री प्रकाश बस्ताकोटी | अधिकृतस्तर नवौं | कृषि | कृषि प्रसार | प्रमुख/वरिष्ठ कृषि विकास अधिकृत | स्थायी | ९८५६०५५२७६ |
| २ | श्री नारायण प्रसाद पाठक | अधिकृतस्तर आठौं | कृषि | एगृ इको एण्ड मार्केटिङ | कृषि अर्थ विज्ञ | स्थायी | ९८४५६२०२४८ |
| ३ | श्री अम्बा दत्त विष्ट | अधिकृतस्तर सातौं | कृषि | बाली संरक्षण | बाली संरक्षण अधिकृत | स्थायी | ९८६५७४९७३८ |
| ४ | श्री सन्दिप रसाइली(वि.क.) | अधिकृतस्तर सातौं | कृषि | कृषि प्रसार | कृषि प्रसार अधिकृत | स्थायी | ९८६५२५५२७१ |
| ५ | श्री कृष्ण प्रसाद पनेरु | अधिकृतस्तर छैटौं | प्रशासन | सामान्य प्रशासन | अधिकृतस्तर छैटौं | स्थायी | ९८५६०७७६२१ |
| ६ | श्री दिलिप नेपाली | अधिकृतस्तर छैटौं | कृषि | कृषि प्रसार | वरिष्ठ प्राविधिक सहायक | स्थायी | ९८४६१२२२१० |
| ७ | श्री लिल बहादुर पोखरेल | सहायकस्तर पाचौं | प्रशासन | लेखा | वरिष्ठ लेखा सहायक | स्थायी | ९८२७२०९४४२ |
| ८ | श्री मेनुका बोहरा | सहायकस्तर पाचौं | कृषि | बागवानी | प्राविधिक सहायक | स्थायी | ९८६७९९१६४० |
| ९ | श्री विनिता शर्मा | सहायकस्तर पाचौं | कृषि | बाली संरक्षण | प्राविधिक सहायक | स्थायी | ९८६८१७१५६६ |
| १० | श्री मनिसा डुम्रे | सहायकस्तर पाचौं | कृषि | बाली संरक्षण | प्राविधिक सहायक | स्थायी | ९८४९९७५४९४ |
| ११ | श्री रविन्द्र घर्ती | सहायकस्तर चौथो | इन्जिनियरिङ | सिभिल | सव-इन्जिनियर | करार | ९७४६३९४५६५ |
| १२ | श्री परिवर्तन थापा | ह.स.चा. पाचौं | प्रशासन | सामान्य प्रशासन | ह.स.चा | स्थायी | ९८४८०७२१९९ |
| १३ | श्री राम बहादुर क्षेत्री | का.स (पाचौं) | प्रशासन | सामान्य प्रशासन | का.स | स्थायी | ९८४६०४३४१९ |
| १४ | श्री चेत कुमारी रायमाझी | का.स (पाचौं) | प्रशासन | सामान्य प्रशासन | का.स | स्थायी | ९८६६४५४१९४ |
| १५ | श्री भुपराज बस्याल | का.स | प्रशासन | सामान्य प्रशासन | का.स | करार | ९८६२३८४०४६ |
| १६ | श्री छपिलाल चौधरी | का.स. | प्रशासन | सामान्य प्रशासन | का.स. | करार | ९८४१८९२३५१ |

## ५. प्रदान गरिने सेवा, जिम्मेवार शाखा र सेवा अवधी सम्बन्धि विवरण

यस कार्यालयबाट उपलब्ध हुने सेवा सम्बन्धि विवरण निम्न तालिकामा उल्लेख गरिएको छ।

| क्र. सं. | कार्यालयबाट प्रदान गरिने सेवा | पेश गर्नु पर्ने कागजातहरु | सेवा प्राप्त गर्न लाग्ने समय | लाग्ने दस्तुर | सम्बन्धित शाखा | सम्बन्धित कर्मचारी | कोठा नं |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यालयको बजेट, कार्यक्रम तथा प्रगति/कृषि तथ्याङ्क तथा बजार सम्बन्धी सूचना तथा जानकारी | व्यक्ति/संस्थाको मौखिक अनुरोध वा लिखित पत्र | निवेदन प्राप्त गरेको दिन वा अध्ययन विश्लेषण गर्नुपर्ने भएमा ३ दिनभित्र | निःशुल्क | योजना शाखा | नारायण प्रसाद पाठक,कृषि अर्थ विज्ञ | ४ |



नारायण प्रसाद पाठक
कृषि अर्थ विज्ञ
(अधिकृत स्तर आठौं)

प्रकाश बस्ताकोटी
वरिष्ठ कृषि विकास
अधिकृत

| क्र. सं. | कार्यालयबाट प्रदान गरिने सेवा | पेश गर्नु पर्ने कागजातहरु | सेवा प्राप्त गर्न लाग्ने समय | लाग्ने दस्तुर | सम्बन्धित शाखा | सम्बन्धित कर्मचारी | कोठा नं |
|---|---|---|---|---|---|---|---|
| २ | बालीका रोग कीरा पहिचान तथा व्यवस्थापन, प्रयोगशाला सेवा र मौरी च्याउ सम्बन्धी प्राविधिक सेवा | व्यक्ति/संस्थाको मौखिक अनुरोध वा लिखित पत्र | निवेदन प्राप्त गरेको दिन | निःशुल्क | विशेषज्ञ शाखा (बाली संरक्षण) | अम्बादत्त विष्ट, बाली संरक्षण अधिकृत/विनिता शर्मा, प्रा.स. | ७ |
| ३ | विभिन्न बागवानीजन्य बालीहरु जस्तै तरकारी, फलफूल, नगदे तथा मसलाजन्य बालीहरुको प्राविधिक सेवा/परामर्श | व्यक्ति/संस्थाको मौखिक अनुरोध वा लिखित पत्र | निवेदन प्राप्त गरेको दिन वा अध्ययन विश्लेषण गर्नुपर्ने भएमा ७ दिनभित्र | निःशुल्क | विशेषज्ञ शाखा (बागवानी) | मेनुका बोहरा, प्रा.स. | ६ |
| ४ | विभिन्न खाद्यान्नबाली तथा सोको बीउ उत्पादन सम्बन्धी प्राविधिक सेवा/परामर्श | व्यक्ति/संस्थाको मौखिक अनुरोध वा लिखित पत्र | निवेदन प्राप्त गरेको दिन | निःशुल्क | विशेषज्ञ शाखा (कृषि प्रसार) | सन्दिप रसाइली, कृषि प्रसार अधिकृत/दिलिप नेपाली, अधिकृत | ५ |
| ५ | कार्यालयको आर्थिक कार्य तथा विवरण (भुक्तानी/श्रेस्ता/आम्दानी/खर्च/राजस्व/धरौटी) | व्यक्ति/संस्थाको मौखिक अनुरोध वा लिखित पत्र | निवेदन प्राप्त गरेको दिन वा अध्ययन विश्लेषण गर्नुपर्ने भएमा ३ दिनभित्र | निःशुल्क | आर्थिक प्रशासन शाखा | लिल ब. पोखरेल | ३ |
| ६ | कार्यालयको प्रशासनिक कार्यहरु/सेवा प्रवाह/जिन्सी/कर्मचारी हाजिरी बिदा सम्बन्धि विवरण | व्यक्ति/संस्थाको मौखिक अनुरोध वा लिखित पत्र | निवेदन प्राप्त गरेको दिन वा अध्ययन विश्लेषण गर्नुपर्ने भएमा ३ दिनभित्र | निःशुल्क | आर्थिक प्रशासन शाखा | कृष्ण प्रसाद पनेरु, सहायक प्रशासकीय अधिकृत | २ |
| ७ | बीउ बिजन प्रमाणपत्रको इजाजत पत्र तथा नवीकरण | बीउ उत्पादन तथा व्यवस्थापन तालिमको प्रमाणपत्र, प्यान नं प्रमाणपत्रको प्रतिलिपि, बीउ बिजन व्यवसाय दर्ता प्रमाणपत्र, कर चुक्ता, संचालक/प्रोप्राइटरको नागरिताको प्रमाणपत्र, वार्षिक कारोबार विवरण | निवेदन प्राप्त गरेको दिन | दर्ता शुल्कः रु. ५०० र नविकरण शुल्कः रु. २०० | विशेषज्ञ शाखा (कृषि प्रसार) | सन्दिप रसाइली, कृषि प्रसार अधिकृत/दिलिप नेपाली, अधिकृत | ६ |
| ८ | खुद्रा विषादी बिक्रेता इजाजतपत्र दर्ता र नवीकरणका लागि सिफारिस | रु. १० को टिकटसहितको निवेदन, विषादी व्यवस्थापन सम्बन्धी तालिम प्रमाणपत्रको प्रतिलिपी व्यवसाय दर्ता प्रमाणपत्र, प्यान नं दर्ता प्रमाणपत्रको प्रतिलिपि, संचालक/प्रोप्राइटरको नागरिताको प्रमाणपत्र, वार्षिक कारोबार विवरण | निवेदन प्राप्त गरेको दिन | निःशुल्क | विशेषज्ञ शाखा (बाली संरक्षण) | अम्बादत्त विष्ट, बाली संरक्षण अधिकृत/विनिता शर्मा, प्रा.स. | ७ |



नारायण प्रसाद पाठक
कृषि अर्थ विज्ञ
(अधिकृत स्तर आठौं)

प्रकाश बस्ताकोटी
बरिष्ठ कृषि विकास अधिकृत

गण्डकी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास कार्यालय
स्याङ्जा

| क्र.सं. | कार्यालयबाट प्रदान गरिने सेवा | पेश गर्नु पर्ने कागजातहरु | सेवा प्राप्त गर्न लाग्ने समय | लाग्ने दस्तुर | सम्बन्धित शाखा | सम्बन्धित कर्मचारी | कोठा नं |
|---|---|---|---|---|---|---|---|
| ९ | कृषि प्रविधी सम्बन्धि विविध विषयमा तालिम | माग र औचित्य खुलेको निवेदन | कार्यालय र आवेदकको अनुकुलतामा तालिम सञ्चालन हुने मिति तय गरिने। | नि:शुल्क | विशेषज्ञ शाखा | सम्बन्धित कर्मचारी | |
| १० | कृषि व्यवसाय प्रवर्धन सम्बन्धि विभिन्न अनुदानमूलक कार्यक्रमहरु | कार्यालयबाट प्रकाशन हुने सूचनाबाट माग गरिएका कागजपत्रहरु | औचित्यको आधारमा अनुदानग्राही छनौट भएपश्चात कार्यालयसँग भएको सम्झौता अवधिसम्म। | नि:शुल्क | सम्बन्धित शाखा | सम्बन्धित कर्मचारी | |

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकारी

कार्यालयबाट सम्पादन हुने कार्य र निर्णय प्रक्रिया तपसिल बमोजिम गर्ने गरिएको छ।

- प्रचलित नियम कानुन, कार्यविधि, मापदण्ड आदि
- उपलब्ध बजेट तथा कार्यक्रम
- कार्यक्रम अनुगमन, सिफारिस र स्वीकृति
- टिप्पणी तथा आदेश आदि।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यालय प्रमुख

## ८. सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको नाम र पद

- सूचना अधिकारी: श्री नारायण प्रसाद पाठक, कृषि अर्थ विज्ञ (अधिकृतस्तर आठौं)
- गुनासो सुन्ने अधिकारी: श्री प्रकाश बस्ताकोटी, कार्यालय प्रमुख (अधिकृतस्तर नबौं)

## ९. ऐन, नियम र निर्देशिकाको सूची

- प्रदेश निजामति सेवा ऐन, २०७९
- प्रदेश निजामति सेवा नियमावली, २०७९
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र सो सम्बन्धि नियमावली
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४, सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावली, २०७६
- खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५
- प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७
- बीउ बिजन ऐन, २०७९ र सो सम्बन्धि नियमावली, २०८१
- गण्डकी प्रदेश बीउ बिजन ऐन, २०८१
- जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ र सो सम्बन्धि नियमावली
-



नारायण प्रसाद पाठक
कृषि अर्थ विज्ञ
(अधिकृत स्तर आठौं)

प्रकाश बस्ताकोटी
बरिष्ठ कृषि विकास
अधिकृत

- गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१
- गण्डकी प्रदेश सहकारी ऐन, २०७५
- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधी, २०८०
- अन्य प्रचलित नियम कानुन, निर्देशिका, कार्यविधी तथा मापदण्डहरु।

## १०. वेभसाईट

यस कार्यालयको वेभसाईट:- https://www.syangja.ado.gov.np/

ईमेल: akcsyangja@gmail.com

सम्पर्क नं.-०६३-४२०१३० वा ९८५६०५५२७६ (सूचना अधिकारी) वा ९८५६०५४०८५(का.प्रमुख)

फेसबुक ठेगाना/नाम: कृषि विकास कार्यालय स्याङ्जा

## ११. प्रकाशित सूचनाहरुको विवरण

| क्र.सं. | सूचनाको विषय | सूचना प्रकाशित मिति | प्रकाशन गरिएको पत्रिका/वेवसाइट/सामाजिक संजाल | कैफीयत |
|---|---|---|---|---|
| १ | आवेदन पेश गर्ने सम्बन्धि सूचना (प्रदेशतर्फका सबै अनुदानमूलक कार्यक्रमहरु) | २०८२ भाद्र १९ गते | ढोरपाटन राष्ट्रिय दैनिक/कार्यालयको वेवसाईड र फेसबुक | सबै कार्यक्रमको दोस्रो पटक र अन्य केही कार्यक्रमको तेस्रो, चौथो पटकसम्म सूचना प्रकाशन गरिएको |
| २ | दररेट उपलब्ध गराइदिने सम्बन्धी सूचना | २०८२ कार्तिक १४ गते | कार्यालयको वेवसाईड र फेसबुक | कार्यक्रम संचालन तथा लागत ईष्टिमेटमा सहजताको लागि |
| ३ | आवेदकहरुको छनौट सूची सम्बन्धी सूचना | विभिन्न मितिमा | कार्यालयको वेवसाईड र फेसबुक | लाभग्राही छनौट तथा सम्झौता गर्न आउने सम्बन्धी |
| ४ | पाठशाला/शिविर/स्थलगत तालिम कार्यक्रमका लागि आवेदन प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना | २०८२ मंसिर ७ गते | कार्यालयको वेवसाईड र फेसबुक | |



नारायण प्रसाद पाठक
कृषि अर्थ विज्ञ
(अधिकृत स्तर आठौं)

प्रकाश बस्ताकोटी
वरिष्ठ कृषि विकास अधिकृत

| क्र.सं. | सूचनाको विषय | सूचना प्रकाशित मिति | प्रकाशन गरिएको पत्रिका/वेवसाइट/सामाजिक संजाल | कैफीयत |
|---|---|---|---|---|
| ५ | ब्लक विकास कार्यक्रम (धान) का लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना | २०८२ माघ २६ गते | कार्यालयको वेवसाईड र फेसबुक | संघीय सशर्त कार्यक्रम |
| ६ | उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान प्राप्त गर्नका लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना | २०८२ फाल्गुन १२ गते र २९८३/०२/१८ | कार्यालयको वेवसाईड र फेसबुक | संघीय सशर्त कार्यक्रम |
| ७ | आवेदन पेस गर्ने सम्बन्धी तेस्रो पटक प्रकाशित सूचना | २०८२/१०/२५ | कार्यालयको वेवसाईड र फेसबुक | |
| ८ | आवेदन पेस गर्ने सम्बन्धी सूचना (कृषि उद्यम विकास/निर्याजन्य कृषि उपज उत्पादन प्रवर्धन) | २०८२/१२/२६ | कार्यालयको वेवसाईड र फेसबुक | |
| ९ | आवेदन पेस गर्ने सम्बन्धी चौथो पटक प्रकाशित सूचना- फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम र लोकमार्ग केन्द्रित कार्यक्रम | क्रमश: २०८२/०२/०१ र ०१/१४ गते | कार्यालयको वेवसाईड र फेसबुक | |

## १२. बजेट तथा खर्च र प्रगति सम्बन्धि विवरण

कृषि विकास कार्यालय स्याङ्जाको आ.व. २०८२/८३ को वार्षिक बजेट तथा खर्च विवरण

| क्र. सं. | बजेट स्रोत | चौथो त्रैमासिक | | | वार्षिक | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | बिनियोजित बजेट रु. लाखमा | निकासा/खर्च | खर्च प्रतिशत | बिनियोजित बजेट | निकासा/खर्च | खर्च प्रतिशत/वित्तीय प्रगति | भारित प्रगति | |
| १ | प्रदेश सरकार (चालु) | १७३.८ | ०.० | ० | ६६४.८ | ५२३.४८ | ७८.७४ | ९८.६५ | |
| २ | प्रदेश सरकार (पुंजीगत) | १.० | ५.४ | ५४० | १०.३ | ८.४ | ८१.५५३३९८ | १०० | |



नारायण प्रसाद पाठक
कृषि अर्थ विज्ञ
(अधिकृत स्तर आठौं)

प्रकाश बस्ताकोटी
बरिष्ठ कृषि विकास अधिकृत

गण्डकी प्रदेश सरकार
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास कार्यालय
स्याङ्जा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रदेश सरकार जम्मा** | | **१७४.८** | **५** | **३.०९** | **६७५.१०** | **५३१.८८** | **७८.७९** | **८८.९१** | |
| ३ | NAMP | २०.२० | १४.८९ | ७३.७१ | २०.२० | १४.८९ | ७३.७१ | १०० | |
| ४ | DLS/DOA | १७.८० | १३.६६ | ७६.७४ | १७.८० | १३.६६ | ७६.७४ | १०० | |
| | **जम्मा** | **२१२.७८** | **३३.९५** | **१५.९६** | **७१३.१०** | **५६०.४३** | **७८.६७** | **९२.३०** | |

कृषि विकास कार्यालय, स्याङ्जाको आ.व. २०८२/८३ मा सम्पादन भएका कार्यक्रमहरुको प्रगति स्थितिलाई सारांशमा निम्न तालिकामा प्रस्तुत गरिएको छ। यस कार्यालयबाट कृषि सम्बन्धि प्राविधिक परामर्श उपलब्ध गराउने कार्य नियमित भईरहेको छ।

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | एकाइ | लक्ष्य परिमाण | प्रगति परिमाण | बजेट रु. लाखमा | खर्च रु लाखमा | भारित प्रतिशत | वित्तीय प्रतिशत | उपलब्धी (outcome) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | रैथाने तथा स्थानीय वाली विकास कार्यक्रम | पटक/ संख्या | २ | २ | १० | ९.१३ | १०० | ९१ | ८ लाभग्राहीसँग सम्झौता भई ११.३ हे. क्षेत्रफलमा विस्तार (कोदो, सिमी र कागुनो) भएको |
| २ | ग्रामीण पोषण सुरक्षण कार्यक्रम | संख्या | २ | २ | १० | ७.४७ | १०० | ७५ | २ कृषि समूह/सहकारीमार्फत आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले ४० जना विपन्न घरपरिवारलाई बाखा र वंगुरपालनमा सहयोग |
| ३ | सामुदायिक बीउ बैंक/रैथाने बाली सम्बन्धी कार्यक्रम | पटक | २ | १ | १० | २.१० | ५० | २१ | १ कृषि समुहले स्थानीय जातका बीउ बिजन संकलन र भण्डारण गरी संरक्षणमा सहयोग पुगेको। |
| ४ | फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम | हेक्टर | १० | १० | १५ | १०.७४ | १०० | ७२ | १२ कृषि फर्म/समूह/सहकारीमार्फत २०५ रोपनीमा विभिन्न फलफुलको क्षेत्रफल विस्तार भएको |
| ५ | फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम | हेक्टर | १५ | १५ | ९ | ७.७४ | १०० | ८६ | १० कृषि फर्म/समूह/सहकारीमार्फत ८५८ रोपनीमा अन्य फलफूल बगैंचा सुदृढीकरण भएको। |
| ६ | खाद्यान्नबाली उत्पादन प्रवर्धन कार्यक्रम | हेक्टर | ३५ | ३५ | ३५ | ३४.९५ | १०० | १०० | १२ समूह/सहकारीमार्फत ८० हे. मा गहुँको उन्नत खेती प्रवर्धन, यसबाट ६२० जना कृषक लाभान्वित। २३ समूह/सहकारीमार्फत ६७५ हे. मा मकै खेती प्रवर्धन भएको। |
| ७ | आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्धन कार्यक्रम | हेक्टर | ६ | ६ | ९ | ८.२७ | १०० | ९२ | गहुँको उन्नत बीउ उत्पादन सहयोग ४० हेक्टर क्षेत्रफल, यसबाट ११८ कृषक लाभान्वित। तोरीको उन्नत बीउ उत्पादन सहयोग ४.५ हेक्टर/मुसुरोको बीउ उत्पादन २ हेक्टर, यसबाट करिव २७ कृषक लाभान्वित। १४७ हे. मा मकैको उन्नत बीउ उत्पादन भएको |



नारायण प्रसाद पाठक
कृषि अर्थ विज्ञ
(अधिकृत स्तर आठौं)

प्रकाश बस्ताकोटी
बरिष्ठ कृषि विकास अधिकृत

गण्डकी प्रदेश सरकार
कृषि विकास कार्यालय
स्याङ्जा

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | एकाइ | लक्ष्य परिमाण | प्रगति परिमाण | बजेट रु. लाखमा | खर्च रु लाखमा | भारित प्रतिशत | वित्तीय प्रतिशत | उपलब्धी (outcome) |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | व्यवसायिक तरकारी खेती सहयोग कार्यक्रम | पटक | १ | ०.८१ | २५ | २०.२६ | ८१ | ८१ | ४० वटा कृषि फर्म/समूह/सहकारीसँग सम्झौता भई ५१८ रोपनीमा तरकारी खेती प्रवर्धन भइरहेको। |
| ९ | सुन्तलाजात फलफूल वगैंचा सुदृढीकरण | हेक्टर | ७५ | ७५ | ४५ | ३८.५६ | १०० | ८६ | ८३ कृषि फर्म/समूह/सहकारीमार्फत ५६२७ रोपनीमा बगैचा सुदृढीकरण भएको |
| १० | सुन्तलाजात फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम | हेक्टर | ५ | ५ | ७.५ | ६.४० | १०० | ८५ | ९ कृषि फर्म/समूह/सहकारीमार्फत १७५ रोपनीमा विस्तार भएको |
| ११ | समुदायस्तरमा प्रशोधनयोग्य आलु उत्पादन प्रवर्द्धन कार्यक्रम | हेक्टर | ५८ | ५८ | ७५.४ | ६७.६९ | १०० | ९० | समुदायस्तरमा प्रशोधनयोग्य/खायन आलु प्रवर्द्धन आयोजना अन्तर्गत ११२ हेक्टर आलु खेती प्रवर्धन भएको, करिव १०६५ जना कृषक लाभान्वित। आलु खेति प्रवर्धन सम्बन्धि ६ वटा स्थलगत तालिम सञ्चालनबाट १५८ जना कृषक लाभान्वित। |
| १२ | समुदायस्तरमा खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रम | हेक्टर | ५४ | ५४ | ७०.२ | ६८.०४ | १०० | ९७ | |
| १३ | फलफुल नर्सरी स्थापना तथा संचालन | संख्या | २ | २ | १० | ५.३३ | १०० | ५३ | २ वटा नर्सरीले एभोकाडो, सुन्तला कागति लगाएत फलफूलको बेर्ना उत्पादन वार्षिक ५००० संख्याका दरले उत्पादनमा वृद्धि हुने भएको। |
| १४ | लोकमार्ग/कोरिडोर केन्दित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | पटक | १ | ०.५१ | ४५.५ | २२.९० | ५१ | ५० | २२ लाभग्राहीमार्फत मसलाबाली (अदुवा, बेसार, अकबरे खुर्सानी) -११५ रोपनी, फलफूल-५५ रोपनी, तरकारी-८० रोपनीमा विस्तार तथा प्रवर्धन गरिएको। |
| १५ | जलवायुमैत्री कृषि प्रविधि प्रवर्धन कार्यक्रम | पटक | २ | २ | १० | ९.५० | १०० | ९५ | २ स्थानमा तरकारी खेतीमा आधारित जलवायुमैत्री कृषि प्रविधि प्रवर्धन गरिएको। सिंचाइको अभाव भएको स्थानमा जुढेल्ने सुधार तथा संचाइ पाइप र ट्याङ्कीमार्फत सिंचाइ व्यवस्था गरिएको। करिब ३० रोपनी क्षेत्रफलमा तरकारी प्रवर्धन भएको र ६० घरधुरी लाभान्वित भएका। |
| १६ | ग्रामीण कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम | संख्या | २ | २ | १० | ९.५५ | १०० | ९५ | २ कृषि समूह/सहकारीमार्फत आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले २३ विपन्न घरपरिवारलाई मौरीपालन र ३३ घरधुरीलाई १०० रोपनी तरकारी र १०० रोपनी कोदो खेती प्रवर्धन गरिएको |



नारायण प्रसाद पाठक
कृषि अर्थ विज्ञ
(अधिकृत स्तर आठौं)

प्रकाश बस्ताकोटी
बरिष्ठ कृषि विकास अधिकृत

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | एकाइ | लक्ष्य परिमाण | प्रगति परिमाण | बजेट रु. लाखमा | खर्च रु लाखमा | भारित प्रतिशत | वित्तीय प्रतिशत | उपलब्धी (outcome) |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | कृषि उद्यम विकास कार्यक्रम | संख्या | ६ | ५ | ३० | १९.१५ | ८३.३३ | ६४ | ४ लाभग्राहीमार्फत कृषि उपज जस्तै रैथाने तथा स्थानीय बाली र खाद्यान्नबाली तथा तेलहन बालीको प्रशोधन तथा प्याकेजिङ तथा बजारीकरणमा योगदान पुग्ने गरी र १ लाभग्राहीमार्फत प्रशोधनयोग्य आलुको चिप्स र फ्रेन्च फ्राईको उत्पादन गर्ने गरी सहयोग गरिएको। कृषि उपजको बजारीकरण मूल्य अभिवृद्धि हुने र करिब ५ जना पूर्ण र १० आंशिक रोजगारी हुने अपेक्षा गरिएको। |
| १८ | निर्यातजन्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रम | पटक | ४ | ३ | २० | १५.२७ | ७५ | ७६ | ७ लाभग्राहीमार्फत १५ रोपनी अलैची, २८ रोपनीमा अकबरे खेती विस्तार तथा प्रशोधन, १० रोपनीमा अदुवा, १० रोपनीमा कफी खेती प्रवर्धन, २ मह उत्पादक लाभग्राहीमार्फत महको उत्पादन, प्रशोधन, प्याकिङ र बजारीकरणमा सहयोग साथै १ वटा अलैची सुकाउने आधुनिक भट्टी र अदुवा भण्डारणका लागि १ सेलार स्टोरेज निर्माण भएको। |
| १९ | नयाँ ब्लक विकास कार्यक्रम स्थापना | पटक | १ | १ | २०२० | १४.८८ | १०० | ७४ | २००० रोपनी जग्गामा चैते र वर्षे धान उत्पादन प्रवर्धन भएको। साथै ८० जना प्रत्यक्ष र ६५ जना अप्रतक्ष्य लाभान्वित भएका। र यान्त्रिकरण मार्फत लागतमा कमी |
| २० | उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम | पटक | ३ | २ | १७.८ | १३.६६ | १०० | ७६.७४ | १३ कृषि समूह/सहकारीमार्फत उन्नत बीउ ६ मे.टन गहुँ र ६२.८ मेटन धानमा अनुदान प्रोत्सादन प्रदान गरिएको |

## १३. चालु आ.व. को हालसम्मको राजस्व संकलन विवरण

| राजश्व प्राप्त भएको स्रोतको विवरण | प्रथम त्रैमासिक मात्र | द्वितीय त्रैमासिक मात्र | तृतीय त्रैमासिक मात्र | चौथो त्रैमासिक मात्र | कुल वार्षिक राजश्व जम्मा (रु.) |
|---|---|---|---|---|---|
| अन्य प्रशासनिक सेवा शुल्क | ४६०० | २००० | ३७०० | ७६०० | १७९०० |
| अन्य | ० | ० | ० | ४४०१७ | ४४०१७ |
| **जम्मा** | **४६००** | **२०००** | **३७००** | **५१६१७** | **६१९१७** |



नारायण प्रसाद पाठक
कृषि अर्थ विज्ञ
(अधिकृत स्तर आठौं)

प्रकाश बस्ताकोटी
बरिष्ठ कृषि विकास अधिकृत

गण्डकी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास कार्यालय
स्याङ्जा

## १४. कार्यक्रम सञ्चालन गर्दा भोग्नुपरेका मुख्य समस्याहरु

| क्र. सं. | कृषि क्षेत्रको मुख्य मुख्य समस्या | सुझावहरु | कार्यालयबाट भएका प्रयासहरु |
|---|---|---|---|
| १ | बढ्दो उत्पादन लागत | जग्गा चक्लाबन्दी वा खेती चक्लाबन्दीको अवधारणामा व्यवसायिक खेती सम्बन्धि कार्यक्रम लागू गर्ने। | मन्त्रालयस्तरबाट जग्गा चक्लाबन्दी कार्यक्रम कार्यान्वयन भईरहेको र सो स्थानमा कार्यालयबाट ईच्छुक कृषक समूह/सहकारीलाई खाद्यान्नबाली तथा अन्य बालीको उत्पादनमा सहयोग हुँदै आएको |
| | | जग्गा लिज करार सम्बन्धि ठोस नियम | कार्यालयस्तरबाट हुन नसक्ने |
| | | आधुनिक तथा गुणस्तरीय कृषि यन्त्रको प्रयोग विस्तार | विभिन्न कार्यक्रममार्फत यान्त्रिकरणमा सहयोग |
| | | व्यवसायिक खेती योजना निर्माणमा सहयोग गर्ने | कृषकहरुलाई तालिम तथा अभिमुखीकरण |
| २ | कृषि व्यवसायको जोखिम धेरै | कृषि बीमा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, | सम्बन्धित बीमा कम्पनी, कृषकहरुसँग अन्तरक्रियात्मक गोष्ठी संचालन तथा सुझाव सिफारिस |
| | | बालीका रोगकीरा व्यवस्थापनमा प्राविधिक सेवा अनिवार्य उपलब्ध गराउने | कार्यालयले बाली उपचार शिविर तथा कार्यालबाट नियमित सेवा प्रवाह गर्दै आएको |
| | | खेती व्यवस्थापनमा उन्नत प्रविधीको प्रयोग | केही प्रविधिको प्रदर्शनी कार्यक्रममार्फत प्रवर्धन गर्ने प्रयास तथा तालिम अभिमुखीकरण |
| | | बाँदर, बँदेल जस्ता बन्यजन्तुबाट हुने क्षति नियन्त्रण सम्बन्धि कार्य | वन्यजन्तुको प्रकोप हुने स्थानमा क्षति नहुने बालीहरु लगाउन कृषकलाई सुझाव |
| ३ | उत्पादकत्व अपेक्षाकृत बढाउन नसक्नु | कृषि अनुसन्धान र प्रविधी विकासमा श्रोतसाधन बढाउने | कार्यालयस्तरबाट हुन नसक्ने |
| | | गुणस्तरीय बीउ तथा बेर्ना /हाईब्रिड बीउको उत्पादन तथा नियमन | कार्यालयबाट आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्धन कार्यक्रममार्फत खाद्यान्नको उन्नत बीउ उत्पादन हुदै आएको |
| | | प्रांगारिक मलको उत्पादन र उपयोगमा बढाउने सम्बन्धि कार्यक्रम | माग बमोजिम भर्मिकम्पोष्ट उत्पादनमा सहयोग तथा विविन्न कार्यक्रममार्फत प्राङ्गारिक मल प्रयोगको लागि अनुदान सहयोग |
| ४ | कृषि उपजको बिक्रिवितरणमा समस्या आईरहनु। | स्थानीय तहबाट न्यूनतम समर्थन मूल्य नीति कार्यान्वयन | कार्यालयस्तरबाट हुन नसक्ने |
| | | कोल्डस्टोर र प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनमा सहयोग | कोल्डस्टोर संचालकसँग अन्तरक्रिया तथा कृषि उपज भण्डारणमा सुझाव |
| | | आयातित कृषि उपजमा निश्चित प्रतिशत भन्सार शुल्क बढाउने। | कार्यालयस्तरबाट हुन नसक्ने |
| ५ | कृषि सेवा विस्तार अपेक्षाकृत रुपमा बढ्न नसक्नु | वडास्तरबाट सूचना प्राप्त गर्ने आधार तयार गर्नुपर्ने र अनलाइन आवेदन दिने प्रणाली विकास गर्नुपर्ने। | कार्यालयबाट प्रकाशित सूचना पत्रपत्रिका, वेवसाइड, सामाजिक संजाल, स्थानीय तहहरुलाई ईमेलमार्फत पठाइएको |
| | | कृषक वर्गीकरणको आधारमा ठुला फार्मलाई मात्र अनिवार्य दर्ता गर्ने र अन्यलाई सामान्य प्रक्रियाबाट समावेश गर्ने व्यवस्था गर्नुपर्ने | सामान्य कृषकलाई समूह/सहकारी गठनमार्फत गरी समावेश गर्ने प्रयास गरिएको |



नारायण प्रसाद पाठक
कृषि अर्थ विज्ञ
(अधिकृत स्तर आठौं)

प्रकाश बस्ताकोटी
बरिष्ठ कृषि विकास अधिकृत

| क्र. सं. | कृषि क्षेत्रको मुख्य मुख्य समस्या | सुझावहरु | कार्यालयबाट भएका प्रयासहरु |
|---|---|---|---|
| | | प्राविधिक क्षमता अभिवृद्धि तथा प्रयोगशाला सञ्चालन | कृषकलाई स्थलगत तालिम, कृषि शिविर संचालन |
| | | स्थानीय तह र प्रदेश तहको संयुक्त कार्यविधी र कार्यक्रम | कार्यगत समन्वय र सहकार्य भइरहेको तर नीतिगत सहकार्य हुन नसकेको |
| ६ | कृषि अनुदानका कार्यक्रमले धेरै कृषकहरुलाई समेट्न नसक्नु। | तिनै तहको एकीकृत कृषि बजेट/संयुक्त कार्यक्रम र कार्यविधी | कार्यगत समन्वय र सहकार्य भइरहेको तर नीतिगत सहकार्य हुन नसकेको |
| | | कृषि बालीको प्रकार र कृषि सामाग्री अनुसार अनुदान रकम कायम | स्वीकृत नीति अनुसार कार्य भएको सुधार हुनुपर्ने |
| | | कृषक वर्गीकरण तथा कृषक परिचयपत्र अनिवार्य गर्ने/कृषि अनुदानलाई अनलाईन बनाउनुपर्ने। | कार्यालयस्तरबाट हुन नसक्ने |

*प्रकाशक :- कृषि विकास कार्यालय, स्याङ्जा*



नारायण प्रसाद पाठक
कृषि अर्थ विज्ञ
(अधिकृत स्तर आठौं)

प्रकाश बस्ताकोटी
बरिष्ठ कृषि विकास
अधिकृत